वातावरण संरक्षण ऐन, २०५३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "वातावरण संरक्षण (तेस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वातावरण संरक्षण नियमावली, २०५४ मा संशोधन** : वातावरण संरक्षण नियमावली, २०५४ को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

## सूचना ६५

# ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) (पहिलो संशोधन) नियमावली, २०७०

ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वातावरण संरक्षण ऐन, २०५३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) नियमावली, २०५४ मा संशोधन : ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) नियमावली, २०५४ को ठाउँ ठाउूमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।